REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 06.01.2025

---

## Organic Fisheries

पश्चिम सिक्किमको सोरेङ जिल्लामा जैविक माछापालन समूह शुरू गरिने भएको छ ।

आसामको गुवाहाटीमा आज आयोजित पूर्वोत्तर क्षेत्र राज्य सम्मेलन 2025 को क्रममा केन्द्रीय माछापालन, पशुपालन तथा डेरी विकास मन्त्री श्री राजीब रञ्जन सिंहले यस्तो आशयका घोषणा गर्नुभयो।

यस अवसरमा केन्द्रीय राज्य मन्त्रीहरू श्री एस पी सिंह बघेल र श्री जर्ज कुरियन पनि उपस्थित हुनुहुन्थ्यो । प्रधानमन्त्री मत्स्य सम्पदा योजना अन्तर्गत यो अभूतपूर्व पहल पूर्वोत्तर क्षेत्रमा दिगो र पर्यावरण मैत्री माछापालनको प्रवर्ध्दनमा महत्वपूर्ण माइलखुट्टी सिध्द हुने बताइएको छ ।

यसले माछापालन क्षेत्रमा दिगो विकास गर्ने सरकारको प्रतिबध्दता दर्शाउँछ ।

रास्ट्रिय कृषि तथा ग्रामीण विकास ब्याङ्क, NABARD सिक्किममा जैविक माछापालन समूहको बिकास गर्ने एउटा प्रमुख हितधारक हो ।

NABARD ले आवश्यक माछापालन पूर्वाधार र क्षमता निर्माणका लागि वित्तीय तथा तकनिकी सहयोग प्रदान गर्नबाहेक माछापालक सहकारी समितिहरूलाई संलग्न गराएर अनि माछापालन आधारित कृषि उत्पादक संगठन गठन गरी जैविक समूहको बिकासमा टेवा पुऱ्याउनेछ ।

यस्तो पहलले माछापालन सम्बन्धी पूर्वाधार तथा प्रौद्योगिकीमा निजी निवेषलाई प्रोत्साहन चिसो पानी माछापालनको ब्रान्डिङ र पर्यटकहरूलाई आकर्षित गर्नका साथै मूल्य श्रङ्खलालाई सुदृढ बनाएर स्थानीय माछापालकहरूलाई सशक्त बनाउनेछ ।

---

## Press Conference Mahakumbh

उत्तरप्रदेशको प्रयागराजमा हुने महाकुम्भ 2025 मा सामेल हुनका लागि सिक्किमलाई पनि अमन्त्रण गरिएको छ ।

महाकुम्भ 2025 सम्बन्धमा आज गान्तोकमा आयोजित एउटा पत्रकार सम्मेलनमा केन्द्रीय पञ्चायती राजमन्त्री श्री ओम प्रकाश राजभर उत्तरप्रदेश सरकारमा सहकारिता राज्य मन्त्री (स्वतन्त्र प्रभार) श्री जेपीएस राठोड़ले महाकुम्भका सिक्किमलाई आमन्त्रित गर्नुभयो ।

उत्तरप्रदेश सरकारसित मिलेर पत्रकार सम्मेलनको आयोजना भारतीय वाणिज्य उद्योग महासंघ, फिक्कीले गरेको थियो ।

श्री राजभरले भन्नुभयो प्रधानमन्त्री श्री नरेन्द्र मोदीको प्रोत्साहन र मार्गदर्शन अनि प्रदेशका मुख्यमन्त्री श्री योगी आदित्यनाथको नेतृत्वमा महाकुम्भ आउँदो तेह्र जनवरीदेखि छब्बीस फरवरीसम्म गंगा, यमुना र सरस्वती नदीको संगमको पवित्र किनारमा आयोजित हुनेछ ।

प्रयागको पवित्र भूमिमा बाह्र वर्षको अन्तरालपछि महाकुम्भ फेरि आयोजित भइरहेछ ।

आफनौ वक्तव्यमा श्री IPP राठोड़ले भन्नुभयो यो स्वच्छ, स्वस्थ, सुरक्षित र डिजिटल महाकुम्भ हुनेछ ।

उहाँले मेलामा तीर्थयात्रीहरूको गन्ती अथवा उनीहरूको पत्तो लगाउनका लागि आधुनिक प्रोद्योगिकीको प्रयोग गरिने जानकारी दिनुभयो र भन्नुभयो तीर्थयात्रीहरूलाई Radio Frequency Identification RFID Wristband उपलब्ध गराइनेछ ।

---

## Ministers Met Governor

पछी साँझको समयमा केन्द्रीय पञ्चायती राज मन्त्री श्री ओम प्रकाश राजभर र उत्तर प्रदेश राज्यका मन्त्री श्री जोपीएस राठोरले आज साँझ राजभवन राज्यपाल श्री ओम प्रकाश माथुरसित भेट गरी कुम्भमेलामा उपस्शित रहनका लागि निमन्त्रण दिनुभयो ।

राज्यपालले उहाँहरूको निमन्त्रणालाई स्वीकार गर्नुभएको छ ।

भेटघाटका बेला उत्तर प्रदेश र सिक्किमसित सम्बन्धित विभिन्न विकासीय मामिलाहरू र आपसी सहयोगबारे पनि चर्चा भयो ।

---

## CM SGAY

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ्ले आज लोवर बर्फुङ्मा एकजना वरिस्ठ नागरिकका लागि नवनिर्मित घरको उद्घाटन गर्नुभयो ।

सिक्किम गरीब आवास योजना अन्तर्गत यसको निर्माण गरिएको छ ।

मुख्यमन्त्रीले भन्नुभएको छ 'यस्तो पहलले मानिसहरूको जीवनस्तरमा सुधार ल्याउने सरकारको प्रतिवध्दता दर्शाउँछ' ।

श्री तामाङ ओज नाम्ची जिल्लाको राभङ्लामा आयोजित सोसूङ नाम्सूङ समारोहमा पनि उपस्थित रहनुभयो ।

---

## Road Restored

उत्तर सिक्किम स्थित लाचुङ्मा कटाओ र शार्शोक गाउँ जाने सड़क आजदेखि खोलिएको छ ।

झोलुङ्गे पुल भत्किएकाले यो बाटो बन्द थियो ।

नदीमाथि पाइपको प्रयोगद्वारा अस्थायी मार्ग निर्माण कार्य लाचुङ जुम्सा, सीमा सड़क संगठन, लाचुङ होटेल संघ र स्थानीय मानिसहरूको सहयोगले सम्भव भएको बताइन्छ ।

---

## Governor Kho Kho ASSO

सिक्किम राज्य खो खो संघका महासचिव सुश्री सावित्री प्रधान र अन्य सदस्यहरूले आज राजभवनमा राज्यपाल श्री ओम प्रकाश माथुरसित भेट गरे ।

भेटघाटका बेला सुश्री प्रधानले राज्यपाललाई राज्यमा खो खो प्रति खेलाड़ीहरूमा बढ्यो रूचि संघका क्रियाकलापहरूबारे अवगत गराउनुभयो ।

सिक्किमका पाठशालाहरूमा खो खो को स्थितिबारे जानकारी लिँदै श्री माथुरले खेलकुदको प्रवर्ध्दन गर्ने दिशातर्फ खो खो खेलका लागि राजभवनको तर्फबाट सहयोग गर्ने आश्वासन दिनुभएको छ ।

---

## FM Budget

केन्द्रीय वित्त तथा निगमित मामिला मन्त्री श्रीमती निर्मला सीतारमनले आज नयाँ दिल्लीमा हितधारकहरू र ब्यापार संघका प्रतिनिधिहरूसित आठौ बजट पूर्व सल्लाहकार बेठकको अध्यक्षता गर्नुभयो ।

यो बैठक केन्द्रीय बजट 2025-2026 प्रस्तुत गर्नभन्दाअघि आयोजित गरियो ।

यसमा केन्द्रीय वित्त राज्य मन्त्री श्री पंकज चौधरी बाहेक वित्त, निवेश र सार्वजनिक परिसम्पत्ति प्रबन्धन विभाग, आर्थिक मामिला विभाग र श्रम मन्त्रालयहरूका सचिवहरूसितै मुख्य आर्थिक सल्लाहकारले भाग लिए ।

---

## Weather Report

विगत केही सातादेखि आकाश खुल्ला रहेर दिन घमाइलो भएको हुँदा राज्यमा मानिसहरूले जाड़ोको त्यत्ति अनुभव गरेका छैन ।

तथापि स्थानीय मौसम विज्ञान विभागले पूर्वानुमान गरे अनुसार भोलि गान्तोकमा अधिकतम तापमान तेह्र डिग्री र न्यून्तम तापमान छ डिग्री सेल्सियस रहनेछ साथै हलुका वर्षा हुने सम्भावना छ ।

आज अधिकतम चौध दशमलउ तीन डिग्री र न्यूनतम आज तापमान आठ दशमलउ नौ डिग्री रेकार्ड गरियो ।

---